# मनाङ डिस्याङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हुम्डे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

Email: manangngisyangrmun@gmail.com
Website: nesyangmun.gov.np
Phone: 9856049460
Office: 9856049331

प.सं.:- ०७७/०७८
च. नं.:-

मिति:-२०७८/०१/२९

### मनाङ डिस्याङ गाउँपालिकाको हार्दिक अनुरोध।

विश्व महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण यस गाउँपालिकामा समुदाय स्तरमा तीव्र रुपले फैलिरहेको अवस्थालाई मध्यनजर गरी थप संक्रमण हुन नदिन तथा यस गाउँपालिकाबासी जनतालाई उक्त संक्रमणबाट सुरक्षित रहन आवश्यक निम्न बमोजिमका स्वास्थ्य मापदण्ड तथा संक्रमणबाट बच्ने उपायहरु पालना गर्नुहुन सम्पूर्ण पालिका बासीहरुमा हार्दिक अनुरोध गर्दछु।

- सम्पूर्ण पालिकाबासी नागरिकहरुले थप सर्तक र सजक भई नियमित रुपमा पटक पटक साबुन पानीले हात धोऔ र भौतिक दुरी कायम गरौं।
- अनावश्यक काममा घर बाहिर ननिस्कने, उपचार तथा अति आवश्यक काममा घर बाहिर निस्कनु परेमा अनिवार्य रुपमा मास्क तथा स्यानिटाईजरको प्रयोग गरौं।
- हाललाई मानिसहरुको भेला हुने कुनै पनि धार्मिक सांस्कृतिक, सामाजिक कार्यहरु नगरौं र नगराऔं।
- जो कोहिमा कोरोना रोगको जस्तो लक्षण देखिएमा वा शंका लागेमा त्यस्ता व्यक्तिहरुसंग सम्पर्क हुनबाट टाढा बसौं।
- कोरोना संक्रमित व्यक्ति तथा निजको अन्य परिवारका सदस्यलाई सम्मानजनक व्यहार गरौं ।
- भिडभाड वा गाडीमा सवार गर्दा अनिवार्य रुपमा मास्क र स्यानिटाईजरको प्रयोग गरौं।
- अति आवश्यक सेवा बाहेक गाउँपालिका परिसर भित्र आवतजावत तथा अनावश्यक भीडभाड नगरौं।
- कोभिड-१९ (कोरोना) नियन्त्रण सम्बन्धमा नेपाल सरकार, जिल्ला तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट जारी भएका सम्पूर्ण निर्देशन र सुरक्षाका उपायहरु अवलम्वन गरौं।

**" कोरोनाबाट आफू पनि बचौं, परिवार र समाजलाई सुरक्षित राखौं।"**

कान्छा घले
गा.पा. अध्यक्ष